नेपाली राजदूतावास
ओटावा, क्यानडा
Embassy of Nepal
Ottawa, Canada

## विद्युतीय राहदानी (e-Passport) प्राप्त गर्न पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी सूचना

यस राजदूतावासबाट मिति २०७९ वैशाख ६ गते (तदनुसार अप्रिल १९, २०२२) देखि विद्युतीय राहदानी (e-Passport) को आवेदन लिने कार्य शुरु भएको छ। यस अघि Machine Readable Passport (MRP) जारी हुँदै आएकोमा अबदेखि सोको सट्टा विद्युतीय राहदानी मात्र जारी हुने भएको हो। विद्युतीय राहदानी नेपाल सरकारले हालै प्रचलनमा ल्याएको अत्याधुनिक प्रकारको राहदानी हो। विद्युतीय राहदानी लिनकालागि निम्न बमोजिमको प्रकृया पूरा गर्नुपर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ:

- आवेदकले आफू रहे बसेको स्थानबाटै अनलाइन मार्फत् https://emrtds.nepalpassport.gov.np/ मा गई प्रि-इनरोलमेन्ट फारम भर्नुपर्दछ।
- त्यस्तो प्रि-इनरोलमेन्ट फारम भर्दा नै biometrics दिनका निमित्त नेपाली राजदूतावास, ओटावामा उपस्थित हुन आफूलाई उपयुक्त हुने मिति र समय छनौट गरी appointment समेत लिनुपर्दछ।
- तत्पश्चात् त्यस्तो प्रि-इनरोलमेन्ट फारम अनलाइन submit गरेपछि generate हुने बारकोड सहितको फारम print गरी आफूसाथ राख्नुपर्नेछ।
- Print गरेको बारकोड सहितको फारम तथा अन्य आवश्यक कागजातहरू लिई आफैंले छनौट गरी appointment लिएको मिति र समयमा biometrics दिनको लागि निवेदक स्वयम् राजदूतावासमा उपस्थित हुनुपर्नेछ।
- राहदानी आवेदन सम्बन्धी प्रकृया तथा आवश्यक कागजातबारे थप जानकारी राजदूतावासको वेबसाइट https://ca.nepalembassy.gov.np/passport/ मा गई हेर्न सकिनेछ।
- राहदानी शुल्क देहाय बमोजिम रहेको छ:

| क्र.सं. | राहदानीको प्रकार | शुल्क |
|---|---|---|
| १ | साधारण राहदानी (३४ पृष्ठ) | क्या.ड. २२०।- |
| २ | साधारण राहदानी (६६ पृष्ठ) | क्या.ड. २९५।- |
| ३ | हराएको/चोरिएको/विग्रेको राहदानीको सट्टामा नयाँ राहदानी (३४ पृष्ठ) | क्या.ड. ४४०।- |
| ४ | हराएको/चोरिएको/विग्रेको राहदानीको सट्टामा नयाँ राहदानी (६६ पृष्ठ) | क्या.ड. ५९०।- |
| ५ | १० वर्षभन्दा कम उमेरका नाबालकको साधारण राहदानी (३४ पृष्ठ) | क्या.ड. ११०।- |
| ६ | १० वर्षभन्दा कम उमेरका नाबालकको साधारण राहदानी (६६ पृष्ठ) | क्या.ड. १५०।- |
| ७ | १० वर्षभन्दा कम उमेरका नाबालकको हराएको/चोरिएको/विग्रेको राहदानीको सट्टामा नयाँ राहदानी (३४ पृष्ठ) | क्या.ड. २२०।- |
| ८ | १० वर्षभन्दा कम उमेरका नाबालकको हराएको/चोरिएको/विग्रेको राहदानीको सट्टामा नयाँ राहदानी (६६पृष्ठ) | क्या.ड. २९५।- |
| ९ | एकतर्फी यात्रा अनुमति पत्र | क्या.ड. ७५।- |

राहदानी शुल्क बापतको रकम नगद वा Embassy of Nepal, Ottawa को नामको Money Order वा Bank Draft का रुपमा biometrics दिन दूतावासमा उपस्थित हुँदा बुझाउन सकिनेछ ।

पुनश्च:

- पूर्वनिर्धारित मिति र समय (appointment) बिना राहदानी नवीकरणका लागि राजदूतावासमा आउने सेवाग्राहीहरुको आवेदन उपर कार्यवाही सम्भव नहुने व्यहोरा अनुरोध गरिन्छ।
- विद्युतीय राहदानीको आवेदन यस अघि MRP लिने बेलाको जस्तो mail हुलाक/कुरियर बाट पठाउनुहुँदैन। अनलाइन नै भर्नुपर्दछ।
- क्यानडाको जुनसुकै स्थानमा बसेको भएतापनि biometrics दिनको लागि निवेदक स्वयम् अनिवार्य रुपमा नेपाली राजदूतावास, ओटावामा उपस्थित हुनुपर्नेछ।

नेपाली राजदूतावास, ओटावा
२०७९ वैशाख १३

408 Queen Street, Ottawa, ON K1R 5A7, Canada Tel. 613 680 5513 Email: nepalembassy@rogers.com